# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །ཤོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

प्रदेश नं. १ नेपाल

प.सं. २०७५/७६

च.नं. २२८

सोलु दुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु

मिति २०७५/०५/२६ गते

श्री सरोकारवालाहरु सबै ।

विषय- विद्यालय भवन पुनर्निर्माण कार्यक्रम सम्बन्धमा ।

प्रस्तुत विषयमा श्री जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) को च.नं. २०।०७५।७६ मिति २०७५।०५।२६ गतेको पत्रानुसार संलग्न सूचना बमोजिमको प्रस्ताव पेश गर्नका लागि मातहतका सामुदायिक विद्यालयहरुमा जानकारी गराईदिन हुन अनुरोध भइ आएकोमा मिति २०७५।०६।१७ गते भित्र सम्बन्धित इकाईमा पुग्ने गरि प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबै सरोकारवालाहरुलाई अनुरोध छ ।

..................

(योग्य प्रसाद राई)

नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

**श्री सूचना प्रविधि शाखा,**

सोलुदुधकुण्ड नगरपालिका ।- उपरोक्त व्यहोराको पत्र वेभसाइटमा राखि दिन हुन ।

**स्रोत व्यक्ति श्री गोपालराज भुजेल,**

सोलुदुधकुण्ड नगरपालिका ।- नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरुसँग सहकार्य गरि प्रस्ताव पेश गर्न सहयोग गरि दिन हुन ।

**स्रोत व्यक्ति श्री शेष कुमारी शर्मा,**

सोलुदुधकुण्ड नगरपालिका ।- नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरुसँग सहकार्य गरि प्रस्ताव पेश गर्न सहयोग गरि दिन हुन ।

Ph. No- 038-520264 Fax No- 038-520248 Website- www.solududhkundamun.gov.np Email- solududhkundamun@gmail.com

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा)

# जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा)

सल्लेरी, सोलुखुम्बु

फोनः ०३८-५२०२२३
०३८-५२०२२९

प.सं. : ०७५/०७६

मिति २०७५/०५/१२

च.न. : ९५

सूचना ! सूचना !! सूचना !!!

प्रस्तुत विषयमा चालु आ. व. २०७५/०७६ मा यस जिल्लाको लागि विद्यालय भवन पुनर्निर्माण कार्यक्रम अन्तर्गत श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) ज्ञानेश्वर काठमाडौँबाट तपसिल बमोजिम विद्यालय भवन निर्माण कार्यक्रम स्वीकृत भई आएको हुँदा सो अनुसार विद्यालय भवन निर्माण गर्न आवश्यक भएका इच्छुक विद्यालयहरुले मिति २०७५/०६/१७ गते भित्र देहाय बमोजिमका अनिवार्य शर्तहरु पालना हुने गरी आवश्यक कागजातहरु सहित विद्यालय पुनर्निर्माण कार्यविधि २०७३ को अनुसूचि १ बमोजिमको प्रस्ताव यस इकाईमा पेश गर्न हुन सम्बन्धित सबैको लागि सूचना गरिएको छ ।

| सि.नं. | कार्यक्रम | परिमाण | कैफियत |
|---|---|---|---|
| १. | २ कोठे ट्रस ब्लक | ११ | |
| २. | ३ कोठे ट्रस ब्लक | २ | |
| ३. | ४ कोठे RCC भवन | १२ | |

छनौटका शर्तहरु :

१. केन्द्रीय आयोजना कार्यान्वयन इकाई मार्फत निर्माण गर्न छनोट र सिफारिसमा नपरेका सामुदायिक विद्यालयहरु ,
२. गैरसरकारी सङ्घसंस्था वा व्यक्तिद्धारा निर्माण गर्ने भनी द्विपक्षीय वा त्रिपक्षीय सम्झौता नभएका विद्यालयहरु ,
३. विद्यालय निर्माण गरिने जग्गाको स्वामित्व भएका भोगचलनको सिफारिस प्राप्त गरेका विद्यालयहरु,
४. विभिन्न कारणले स्थानान्तरण गर्नुपर्ने वा एकीकरण( **merging**) को सम्भावना नभएका विद्यालयहरु ,
५. जिल्ला शिक्षा कार्यालयमार्फत प्रदान गरिएको भौतिक निर्माणको अनुदानको कार्य सम्पादन गर्न र बेरुजु फस्यौट गर्न बाँकी नभएका विद्यालयहरु ,
६. निर्माणका लागि सबै किसिमले उपयुक्त निर्माण स्थल (जग्गाको पर्याप्तता, बाढी, पहिरो, नदी कटान आदि जोखिमबाट मुक्त) भएका विद्यालयहरु ,
७. विद्यालय व्यवस्थापन समिति गठन भएको विद्यालयहरु ।

आवश्यक कागजातहरु :-

१. विद्यालय पुनर्निर्माण कार्यविधि २०७३ का अनुसूची १ मा भएका विरण भरी बुझाउने ,
२.वि.व्य.स. को निर्णयको छाँया प्रति सहित विद्यालयको निवेदन ,
३. विद्यालयका निर्माणस्थल जग्गाको लालपुर्जाको छाँयाप्रति ,
४. न. पा./ गा.पा. को सिफारिस ,
५.स्रोत व्यक्तिको सिफारिस ।

६।१२

.....................
क्षेत्रबहादुर भण्डारी
इकाई प्रमुख

क्षेत्र बहादुर भण्डारी
इकाई प्रमुख